प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ५४ ॥ २०८१ चैत १७ गते आईतबार (30th Mar 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-


## पत्रकार हत्याको विरोधमा आन्दोलनको घोषणा



झापा(प्रस) । नेपाल पत्रकार महासंघले पत्रकार सुरेश रजकको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै देशव्यापी आन्दोलनको घोषणा गरेको छ । प्रदर्शनकारीले षड् यन्त्रपूर्वक आगलागीमा पारी कार्यस्थलमा खटिएका पत्रकार रजकको हत्या गरेको भन्दै महासंघले उक्त घटनाको सत्यतथ्य छानबिन गर्न, दोषीलाई कारबाही गर्न तथा पीडित परिवारलाई राहत उपलब्ध गराउन आन्दोलनको घोषणा गरेको हो ।

महासंघको शनिबार बिहान बसेको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले सुनियोजित रूपमा भएको पत्रकार हत्या, आक्रमण र मिडियामाथिको आक्रमणको विरोधमा आइतबारदेखि थप तीन दिनका लागि आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

महासंघले शुक्रबार भएको पत्रकार हत्या, आक्रमण र मिडियामाथिको आक्रमणका विषयमा अध्ययन गर्न उपाध्यक्ष उमिद बाग्चन्दको संयोजकत्वमा ७ सदस्यीय अध्ययन कार्यदल गठन गरेको छ । केन्द्रीय समितिका सचिवहरू रमेश खतिवडा, प्रकाश धौलाकोटी, सोनी शर्मा, अशोक तिवारी, वैकुण्ठ पराजुली र सविन प्रियासन कार्यदलमा सदस्य छन् । त्यस्तै, घटनाको विरोधमा महासंघले आइतबार देशभरका पत्रकारलाई कालोपट्टी बाँधेर काम गर्न आह्वान गरेको छ ।

त्यस्तै, सोमबार महासंघ केन्द्रले संघीय सरकारका गृहमन्त्रीलाई, प्रदेश समितिहरूले प्रदेशका गृहमन्त्री र जिल्ला शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत एकैसाथ सरकारलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको महासचिव रामप्रसाद दाहालले जानकारी दिए । त्यस्तै, मंगलबार घटनाका विषयमा सञ्चारगृहका सम्पादक र सरोकारवाला संघसंगठनका नेतासँग छलफल गर्ने कार्यक्रम तय गरेको छ ।

महासंघले शनिबार आक्रमणमा परेका सञ्चारगृहमा गएर स्थलगत अवलोकन तथा निरीक्षण गर्ने, घटनाका पीडित, प्रत्यक्षदर्शी र पीडितका परिवारसँग छलफल गर्ने निर्णय गरेको छ । त्यस्तै, पत्रकार सुरेश रजक कार्यरत रहेको सञ्चार संस्थालाई समेत उनको परिवारलाई राहत तथा क्षतिपूर्ति, सेवासुविधा भुक्तानी लगायतका विषयमा ध्यानाकर्षण गराउने निर्णय गरेको छ। यता नेपाल पत्रकारका महासंघ झापाले शनिवार विर्तामोडमा विरोध प्रदर्शन गर्दै पत्रकारको सुरक्षा माग गरेको छ । पत्रकार हत्याको चर्को विरोध गर्दै पत्रकारहरुले प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाको माग गरेका हुन् । मुक्ति चोकबाट शुरु भएको प्रदर्शनमा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, पूर्वअध्यक्षहरु कृष्ण हुमागाई, गणेश पोखेल, तारामणि सापकोटा,मोहन काजी न्यौपानेलगायतले बोलेका थिए ।

## अमेरिकाबाट निष्काशित भएर नेपाल छिरेका तीन पूर्व शरणार्थी पक्राउ



झापा(प्रस) । अमेरिकाबाट निष्काशित भएर अवैधरुपमा नेपाल प्रवेश गरेका तीनजना पूर्व भुटानी शरणार्थी पक्राउ परेका छन् । शुक्रवार दमक नगरपालिका वडा न.३ बेलडाँगी शिबिरमा आइपुगेर बसिरहेको अबस्थामा उनीहरुलाई प्रहरीले शनिवार पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा यसअघि दमक नगरपालिका वडा न.३ बेलडाँगी शिबिर बसेका बर्ष ३६ का आशिष सुवेदी , बर्ष ३१ का सन्तोष दर्जी र बर्ष ३६ का रोशन तामाङ रहेका छन् । अमेरिकाबाट भुटान डिपोर्ट गरिएका ती तीन जना पूर्व भुटानी शरणार्थीलाई नेपाल प्रहरीले नियन्त्रणमा लिएको हो । अमेरिकाबाट १० जना पूर्व भुटानी शरणार्थी डिपोर्ट भएका थिए । डिपोर्ट भएका १० जनालाई भुटानले पारो विमानस्थलमा स्वागत गरी जयगाउँ हुँदै भारतको पानीट्यांकीमा ल्याएर छाडेको थियो। त्यहाँबाट तीन जना अनधिकृत रूपमा नेपाल छिरेका थिए। भुटानले उनीहरूलाई नागरिकताको आधारमा स्वीकृति नदिई देश छाड्न निर्देशन दिएपछि उनीहरू नेपाल आएका थिए ।

उनीहरुलाई आवश्यक कारवाहीको लागि अध्यागमनको कार्यालय काँकडभिट्टामा पठाउन तयारी भैरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले जानकारी दिएका छन् । यो घटनाले तीन दशकभन्दा बढी समयदेखि जारी भुटानी शरणार्थी समस्या फेरि बल्झिने हो कि भन्ने शंका जन्माएको बेलडाँगी शिविरमा रहेका शरणार्थीहरू बताउँछन्। डोनाल्ड ट्रम्प दोस्रोपटक राष्ट्रपति निर्वाचित भएपछि उनले आप्रवासीहरूमाथि कडा नीति लिएका छन्। विभिन्न देशबाट आएका आप्रवासीलाई लगातार डिपोर्ट गरिरहेका छन्। केही नेपालीहरू पनि डिपोर्ट भएर आइसकेका छन्।

ट्रम्प सरकारले ती १० जना शरणार्थीलाई उनीहरूको वास्तविक मुलुक भुटान नै फिर्ता पठाएको भए पनि त्यहाँको सरकारले अपनाउन मानेन। आजभन्दा ३५ वर्षअघि भुटान सरकारले जसरी नेपालीभाषी भुटानी नागरिकहरूलाई अनागरिक बनाएर लखेटेको थियो, यसपालि पनि अमेरिकाबाट डिपोर्ट भएर आइपुगेका १० जनालाई त्यसरी नै लखेट्यो।

शुक्रबार भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिनेबित्तिकै उनीहरूलाई खानपिन गराएर भारतसँगको सीमावर्ति नाका फुन्सोलिङ ल्याएर छाडिएको थियो। त्यहाँबाट उनीहरू पानीट्यांकी नाका हुँदै नेपाल छिरेका हुन्।

बेलडाँगी शिविरमा रहेका दिलबहादुर महतले अमेरिकाबाट डिपोर्ट भएर आएका शरणार्थीलाई भुटान सरकारले फेरि पनि आफ्नो देशमा बस्न नदिएको र नेपाल नै फिर्ता पठाएको बताए।

'विमानस्थलमा झरेपछि उनीहरूलाई एकदिन पनि भुटान बस्न दिइएन,' शिविरमा आइपुगेका तीन जना शरणार्थीसँगको कुराकानीका आधारमा महतले भने, 'तीमध्ये सात जना कहाँ गए भन्ने अहिलेसम्म थाहा हुन सकेको छैन। तीन जना भने हाम्रो शिविरमा आइपुगेका थिए।'

उनीहरूलाई भुटानमा 'तिमीहरूको यहाँ जग्गा-जमिन छैन, नातागोता छैन, यहाँ बस्ने अधिकार पनि छैन' भनेर देश छाड्न निर्देशन दिइएको महतले बताए।

'बरू तिमीहरूका केही आफन्तहरू नेपालमै छन् होला, त्यसैले त्यतै जाओ भनेर फुन्सोलिङ सीमामा ल्याएर छाडेको बुझिन्छ,' उनले भने।

यो घटनाले आज पनि नेपालीभाषी समुदायप्रति भुटान सरकारको रवैया जस्ताको तस्तै रहेको छर्लंग हुने उनी बताउँछन्।

'अमेरिकाले डिपोर्ट गरेर भुटान नै पठाइदिएपछि उनीहरू भुटानी नागरिक हुन् भन्ने अन्तर्राष्ट्रिय रूपमै स्थापित भइसकेको छ। तैपनि भुटान सरकारले उनीहरूलाई आफ्नो नागरिक स्वीकार गर्न मानेन। यो नेपालीभाषी भुटानीहरूको मानवअधिकारका लागि अन्तर्राष्ट्रिय चासोको विषय हो,' उनले भने।

यी शरणार्थी कुनै समय तेस्रो देश पुनर्वास कार्यक्रमअन्तर्गत राष्ट्रसंघीय मिसनबाट प्रमाणीकरण भएर अमेरिका पुगेका थिए। राष्ट्रसंघले भुटानबाट लखेटिएका शरणार्थी हुन् भनेर प्रमाणीकरण गरिसकेका व्यक्तिलाई फेरि भुटानमा बस्न नदिनु राष्ट्रसंघको पनि चासोको विषय हुनुपर्ने उनी बताउँछन्।

'हाम्रो सबभन्दा ठूलो चिन्ता त आगामी दिनमा अरू पनि भुटानी नेपालीभाषीहरू लखेटिएर आउलान् कि भन्नेमा छ,' महतले भने, 'ट्रम्प सरकारले आप्रवासीहरू डिपोर्ट गर्ने क्रम जारी राखेको छ। भोलि थप भुटानी शरणार्थीहरू डिपोर्ट हुन सक्छन्। ती सबैलाई भुटान सरकारले नेपाल नै फिर्ता पठाइदिने हो भने के स्थिति होला?'

नेपाल सरकारले यसबारे भुटानसँग कूटनीतिक छलफल बढाउनुपर्ने र डिपोर्ट भएर पठाइएका शरणार्थीलाई भुटानमै राख्नुपर्छ भनेर कुरा उठाउनुपर्ने उनको भनाइ छ।

नेपाल सरकारले कूटनीतिक पहलमा ढिलाइ गर्ने हो भने तीन दशकअघिको शरणार्थी समस्या फेरि बल्झिन सक्ने उनी बताउँछन्।

डीएसपी खड्काले थप भुटानी शरणार्थी नेपाल छिर्न सक्ने अवस्था देखेर नाकातिर कडाइ गरेको बताएका छन्।

## म्यानमार भूकम्पमा ज्यान गुमाउनेको संख्या हजार नाघ्यो



एजेन्सी । म्यानमारमा शुक्रबार गएको शक्तिशाली भूकम्पमा परी ज्यान गुमाउनेको संख्या १ हजार नाघेको छ । भूकम्पमा परी १ हजार ७ जनाको ज्यान गएको म्यानमारको सैन्य सरकार जुन्टाले जनाएको छ ।

भूकम्पबाट घाइते हुनेहरुको संख्या २ हजार ३ सय ८९ पुगेको छ । जुन्टा सरकारका अनुसार ३० जना बेपत्ता छन् । भूकम्पको केन्द्रबिन्दु रहेको मन्डाले क्षेत्रमा १ हजार ५ सय ९१ घरमा क्षति पुगेको छ । मन्डाले क्षेत्रको एक भवनमा कम्तीमा ९० जना फसेको बीबीसीले जनाएको छ । भूकम्पका कारण थाइल्यान्डको राजधानी बैंककमा पनि केही मानिसले ज्यान गुमाएका छन् । थाई उपप्रधानमन्त्री अनुतिन चार्नविराकुलले भग्नावशेषमा फसेका कम्तीमा १५ जना मानिसको जीवितै उद्धारको प्रयास भइरहेको जनाएका छन् । उनका अनुसार कम्तीमा सय जना हराइरहेका छन् ।

शुक्रबार दिउँसो म्यानमारको सागिङ सहरको उत्तरपश्चिममा ७.७ म्याग्निच्युडको भूकम्प गएको थियो । अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजीएस) का अनुसार त्यसको केही मिनेटमा सोही क्षेत्रमा ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो ।

युएसजीएसका अनुसार भूकम्पको गहिराइ जमिनको सतहबाट १० किलोमिटर तल थियो । भूकम्पको केन्द्रबिन्दु म्यानमारको मण्डले सहरबाट १७ किलोमिटर टाढा पर्छ । मन्डाले सहरमा करिब १५ लाखको बसोबास छ ।

## षष्टिका बस्नेत प्रोत्साहन पुरस्कार भण्डारीलाई



झापा(प्रस) । यस वर्षको षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार पत्रकार किशोर बुढाथोकी र प्रोत्साहन पुरस्कार पत्रकार सुरेन्द्र भण्डारीलाई प्रदान गरिने भएको छ ।

नेपाल पत्रकार महासंघ मोरङ शाखाले १ लाख १ सय रूपैयाँ पुरस्कार राशिको षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार अन्नपूर्ण पोस्टका कोशी प्रदेश ब्युरो प्रमुख बुढाथोकी र २५ हजार २५ रुपैयाँ पुरस्कार राशिको प्रोत्साहन पुरस्कार पूर्वाञ्चल दैनिकका सहसम्पादक भण्डारीलाई प्रदान गर्ने निर्णय गरेको हो ।

नेपाल पत्रकार महासंघ मोरङ शाखाकी अध्यक्ष सुशीला पाठकको अध्यक्षतामा शुक्रबार बसेको महासंघको तेस्रो बैठकले दुवै पुरस्कार महासंघको ७० औं स्थापना दिवसका अवसरमा शनिवार आयोजित कार्यक्रमकाबीच प्रदान गर्ने निर्णय गरेको छ । तर, मुलुकमा उत्पन्न परिस्थितिका कारण अर्को सूचना जारी नभएसम्म नेपाल पत्रकार महासंघले कुनै पनि कार्यक्रम नगर्ने निर्णय गरेसंगै उक्त कार्यक्रम स्थगित भएको पत्रकार महासंघ मोरङ शाखा सचिव नेत्रप्रसाद अधिकारीले बताए ।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# तीनकुने प्रदर्शनमा संलग्न १११ जना पक्राउ



झापा(प्रस) । काठमाडौं तीनकुनेमा शुक्रबार भएको प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईं निकट एक युवक पक्राउ परेका छन्।

शनिबार काठमाडौं प्रहरी परिसरको टोलीले दुर्गा प्रसाईंनिकट मुनिन्द्रराज भण्डारीलाई पक्राउ गरेको परिसरका प्रवक्ता एसपी अपिलराज बोहराले जानकारी दिए। भण्डारीलाई बालाजुबाट पक्राउ गरेको उनले बताए।

'प्रसाईंका सहयोगी हुन्, शुक्रबारको आन्दोलनमा दुर्गा प्रसाईंसँगै गाडीमा हिँडेका थिए,' एसपी बोहोराले भने।

दुर्गा प्रसाईं भने फरार छन्। उनको खोजी भइरहेको पनि एसपी बोहराले जानकारी दिए।

प्रसाईंका अर्का निकटस्थ धर्मगुरू पुस्कर खतिवडा पनि शनिबार नै पक्राउ परेका थिए। उनलाई ललितपुर प्रहरी परिसरको टोलीले उनकै घरबाट पक्राउ गरेको थियो। शुक्रबार राति तीनकुनेबाट भागेका प्रसाईं धर्मगुरूसँग उनकै घर पुगेको पनि खुलेको छ। प्रसाईंसहित शुक्रबारको प्रदर्शनमा सहभागी भएकाहरूको खोजीका लागि काठमाडौं, भक्तपुर र ललितपुर गरी तीनै जिल्लाका प्रहरीसहित अपराध अनुसन्धान कार्यालयको टोली खटिएको छ।

प्रहरीले यसअघि राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता रविन्द्र मिश्र र महामन्त्री धवलशमसेर राणालाई पक्राउ गरेको थियो ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका प्रहरी उपरीक्षक अङ्गुर जिसीका अनुसार उनीहरुलाई शुक्रबार साँझ पक्राउ गरिएको हो । तीनकुनेमा भएको घटनाका सन्दर्भमा आवश्यक सोधपुछका लागि उनीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

राजसंस्था पुनःस्थापना लागि जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीलाई भने प्रहरीले घरमै नजरबन्दमा राखेको छ । त्यसैगरी, प्रहरीले अधिवक्ता स्वागत नेपाल र अन्य केहीलाई पनि पक्राउ गरेको जनाएको छ । तीनकुने घटनामा अहिलेसम्म १११ जना पक्राउ परेको एसपी अधिकारीले जानकारी दिए।तीनकुनेको प्रदर्शनमा दुई जनाको मृत्यु भएको थियो । एभिन्युज टेलिभिजनका भिडिओ पत्रकार सुरज रजक र कीर्तिपुरका सविन महर्जनको मृत्यु भएको थियो।

प्रदर्शनलाई नियन्त्रणमा लिने क्रममा १२३ जना सुरक्षाकर्मी घाइते भएको एसपी बोहराले जानकारी दिए। तीमध्ये १०७ जना डिस्चार्ज भइसकेका छन् भने २२ जना सुरक्षाकर्मीको उपचार भइरहेको छ।

प्रदर्शनकारीतर्फ ५१ जना घाइते भएको र १६ जना उपचाररत रहेको एसपी अधिकारीले जानकारी दिए। ३५ जना डिस्चार्ज भइसकेका छन्।

प्रदर्शनकारीहरूले निजी तथा सरकारी गरी १८ वटा कार्यालय तोडफोड गरेको, १२ ठाउँमा आगजनी गरेको र एक ठाउँमा लुटपाटसमेत भएको एसपी बोहराले जानकारी दिए।

त्यस्तै प्रहरीका ६ वटा गाडी, अरू सरकारी कार्यालयका ४, नखुलेका ६ गरी १६ वटा गाडीमा आगजनी र तोडफोड भएका थिए।

चार मोटरसाइकल र दुई स्कुटर गरी ६ वटा दुइपांग्रे सवारी साधनमा पनि प्रदर्शनकारीहरूले क्षति पुऱ्याएको एसपी बोहराले जानकारी दिए।

# तीनकुने घटनाको निष्पक्ष छानविन गर्न राप्रपाको माग



झापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टीले शुक्रबार राजावादीहरूले गरेको आन्दोलनमा भएका घटनाहरूको निष्पक्ष छानबिनको माग गरेको छ । घटना छानबिनका लागि स्वतन्त्र न्यायिक आयोग बन्नुपर्ने राप्रपाको माग छ । पार्टी कार्यसम्पादन समितिको बैठकपछि अध्यक्ष राजेन्द्र लिङ्देनले हिंसा भड्किनुको कारण खोजी हुनुपर्ने बताएका छन् । 'कसका कारणले हिंसा भड्किएको हो ? त्यो स्पष्ट हुनुपर्छ,' उनले भने, 'त्यसका लागि नागरिक र मानवअधिकारवादीको निष्पक्ष आयोग पनि बन्नुपर्छ । सरकारले पनि न्यायिक आयोग गठन गरोस् ।'

राप्रपाले पार्टीका नेता रवीन्द्र मिश्र, धवलशमेशर राणाको रिहाईको मागसमेत गरेको छ । शान्तिपूर्ण प्रदर्शनमा सहभागी नेताहरूको बिनासर्त २४ घण्टाभित्र रिहाईको माग लिङ्देनले गरे ।

उनले नेताहरूको रिहाई नगरिए राप्रपा देशभर आन्दोलनमा उत्रिने चेतावनीसमेत दिए ।

राजसंस्था र हिन्दुराष्ट्रको पक्षमा भएको आन्दोलनलाई सरकारले बिथोल्न खोज्दा हिंसा भड्किएको निष्कर्ष पार्टीको रहेको समेत लिङ्देनले सुनाएका छन् ।

'सरकार आफै हिंसा भड्काउन र दमन गर्ने योजनाका साथ अगाडि आएको थियो,' उनले भने, 'सम्पूर्ण घटनाको जिम्मेवार सरकारको हो भन्ने हाम्रो निष्कर्ष छ ।'

आन्दोलनका कमाण्डर भनिएका दुर्गा प्रसाईंले सुरक्षाकर्मीलाई गाडीले पेल्दै गएको हो नि ? भन्ने पत्रकारको प्रश्नमा उनले आफूले पनि त्यो दृश्य देखेको बताए । त्यतिबेला पक्राउ गर्ने स्थितिलाई नियन्त्रणमा लिने, सुरक्षा व्यवस्था गर्ने जिम्मेवारी सरकारको रहेको जवाफ उनले दिए । 'त्यस विषयमा पनि छानबिन गर्नुस्, दोषी देखिएकालाई कारबाही गर्नुस्,' उनले भने 'रवीन्द्र मिश्र वा धवलशमेशर पनि आगजनी वा तोडफोडमा छन् भने कारबाही गर्नुस् । तर, शान्तिपूर्ण प्रदर्शनमा रहेकालाई पक्राउ गर्नु त निन्दनीय नै हो ।'

उनले आन्दोलनलाई राप्रपाले समर्थन दिएको र पार्टीका कार्यकर्ताहरू सहभागी भए पनि उनीहरु कुनै पनि तोडफोड हिंसामा संलग्न नरहेको दाबी गरे । तपाईंका नेताले उक्साएको देखिएको छ नि ? भन्ने प्रश्नमा उनले भने, 'आन्दोलन भजनकीर्तन गाउँदै त हुन्न । कार्यकर्तालाई उत्साहित बनाउन अगाडि बढौं त भनिहालिन्छ ।'

उनले रवीन्द्र मिश्र वा धवलशमेशरले कहीं कतै पनि तोडफोडमा लाग्न नभनेको भन्दै आन्दोलनमा कार्यकर्तालाई उत्साहित पार्ने सामान्य भूमिका खेलेको बताए । 'उहाँहरू कतै पनि तोडफोड गर्न जानु भएको छैन । आन्दोलनमा निषेधित क्षेत्र तोड्ने कुरा हुन्छ नै । कसैको घरमा आगो लगाउँ भने भनेको छैन नि,' उनले भने, 'सबै कुराको निष्पक्ष छानबिन होस् ।'उनले पहिल्यै छतमा पुगेका सुरक्षाकर्मीले अश्रुग्यास हान्ने, गोली चलाउने कार्य गरेकोबाटै परिस्थिति बिग्रिएको भन्दै सरकार नै आन्दोलनलाई भड्काउन लागेको देखिएको आरोपसमेत लगाए ।

# पूर्वराजा ज्ञानेन्द्रलाई महानगरको ७ लाख ९३ हजार जरिवाना



झापा(प्रस) । काठमाडौं महानगरपालिकाले पूर्वराजा ज्ञानेन्द्र शाहलाई शुक्रबार चैत १५ गते आयोजना गरिएको कार्यक्रमबाट सडक र सडकपेटीमा जथाभावी फोहोरमैला गराएको र भौतिक संरचनामा क्षति गराएको भन्दै ७ लाख ९३ हजार रुपैयाँ जरिवाना गराएको छ ।

महानगरले शनिबार शाहको नाममा जरिवाना पत्र पठाइएको जानकारी दिएको हो । 'महानगरपालिका वडा नम्बर ३२ तीनकुनेमा आयोजना गरिएको कार्यक्रमबाट सिनामंगल क्षेत्रको सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण गरेकोले,' महानगरले लेखेको पत्रमा भनिएको छ, 'तपाईंलाई फोहोरमैला व्यवस्थापन ऐन, २०७७ र काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम एक लाख रुपैयाँ जरिवाना बेहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।'

यसका साथै महानगरले सोही दिन तीनकुने क्षेत्रमै आयोजना गरिएको कार्यक्रमबाट उक्त क्षेत्रमा रहेको रुख, विरुवा, रेलिङ तोडफोड गरेबापत ४० हजार र तीनकुने आईल्याण्ड तोडफोड गरेबापत २३ हजार रुपैयाँ जरिवाना गराएको छ ।

यस्तै महानगरले बालकुमारी क्षेत्रको सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण गरेकोले एक लाख, जडिबुटी क्षेत्रको सडक तथा सडकपेटीमा जथाभावी गरेकोमा एक लाख रुपैयाँ जरिवाना गराएको छ । तीनकुनेमा जथाभावी फोहोरमैला गरेकोमा एक लाख रुपैयाँ जरिवाना गरेको छ ।

'तीनकुनेमा आयोजना गरिएको कार्यक्रमबाट उक्त क्षेत्रको भवनमा आगजनी भएको खबर प्राप्त हुनासाथ महानगरको न्यूरोड बारुणयन्त्रको दमकलसहित अग्नि नियन्त्रक खटिई गई आगो नियन्त्रण गर्ने क्रममा कार्यक्रममा आएका व्यक्तिहरूले अग्नि नियन्त्रकलाई ढुंगामुढा गरी दमकल फुटाएकोले क्षतिपूर्तिबापत एक लाख ३० हजार रुपैयाँ दाखिला हुन निर्देशानुसार अनुरोध गरिन्छ ' पत्रमा भनिएको छ ।

सोही कार्यक्रमबाट महादेवस्थान, कोटेश्वर क्षेत्रका सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरेकोमा एक/एक लाख रुपैयाँ जरिवाना गराएको हो ।यसैगरी महागनरले तीनकुनेको आन्दोलनको क्रममा निजी भवनमाथि भएको आगजनी र निजी सम्पत्तिमाथि भएको क्षति भने महानगरको क्षेत्राधिकारभित्र नरहेको समेत प्रस्ट पारेको छ ।

# माओवादीको हल्दिवारी अध्यक्षमा खकेन राजवंशी



झापा(प्रस)। नेकपा माओवादी केन्द्र हल्दिबारीको अध्यक्षमा खकेन राजवंशी चयन भएका छन् । माओवादी केन्द्र हल्दिबारी गाउँपालिकाको दोस्रो अधिवेशनबाट हल्दिबारी गाउँ कमिटीको अध्यक्षमा पूर्व वडा सदस्य तथा वाइसीएलका पूर्व केन्द्रीय सदस्य राजवंशी सर्वसम्मत चयन भएका हुन् । अधिवेशनले उपाध्यक्षमा सरस्वती चम्लागाई ,उमेश बिमली , धनबहादुर फागो ,सचिवमा हैकम घिसिङ, कृतम वन र कोषाध्यक्षमा रचना कुलुङसहित ३९ सदस्यीय गाउँ कमिटी चयन गरेको हो ।

हल्दिबारी २ मा रहेको भेलागुरी सिमसारको सभाहलमा अधिवेशन भएको थियो ।अधिवेशन आयोजक समितिका संयोजक शुकलाल राजवंशीको अध्यक्षता तथा पार्टीका केन्द्रीय सदस्य तथा झापा क्षेत्र नम्बर ३ का इन्चार्ज पूर्णप्रसाद राजवंशीको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनमा जिल्ला सचिव तथा संविधानसभा सदस्य मोहन टुडू, क्षेत्रीय संयोजक टीका पोखेल, हल्दिबारी इन्चार्ज बिजय लावतीलगायतका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि केन्द्रीय सदस्य पूर्णप्रसाद राजवंशी, जिल्ला सचिव मोहन टुडू, अध्यक्ष मण्डलीका संयोजक टीका पोखेललगायतले शुभकामना मन्तव्य राखेका थिए । त्यस्तै कार्यक्रममा नवनिर्वाचित अध्यक्ष राजवंशीले प्रतिवद्धता मन्तव्य राखेका थिए । सोही अवसरमा निर्वाचित गाउँ कमिटी र पाँच वटै वडामा निर्वाचित वडा कमिटीलाई सपथ ग्रहणसमेत गराइएको थियो । चैत १३,१४ र १५ गते हल्दिवारीका पाँच वटा वडामा पार्टीको वडा अधिवेशन भएको थियो । सभाध्यक्ष शुकलाल राजवंशीले प्रस्तुत गरेको प्रतिवेदन सर्वसम्मतले पारित भएको कार्यक्रममा स्वागत मन्तब्य हैकम घिसिङ र संचालन जितलाल राजवंशीले गरेका थिए ।

# पूर्व अन्तर्राष्ट्रिय खेलाडी गुरुङलाई ' गोमेन्द्र सम्मान'



बिर्तामोड(प्रस) । फुटबलका अन्तर्राष्ट्रिय खेलाडी रामदर्शन गुरुङलाई 'गोमेन्द्र सम्मान' ले सम्मानित गरिएको छ। गोमेन्द्र बहुमुखी महाविद्यालयले २९ औं बार्षिकोत्सवका अवसरमा पूर्व फुटवल खेलाडी गुरुङलाई नगद २१ हजार १२१ रुपैयाँसहित सम्मान गरेको हो । राष्ट्रिय स्तरसम्म नाम कमाउने धेरै झापाली फुटबल खेलाडी जन्माएका गुरुङ झापाको सैनिक बजारलाई फुटबलको उद्‌गमभूमिका रूपमा स्थापित गराउन आज पनि उत्तिकै सक्रिय छन् । ७३ वर्षीय गुरुङ झापाली फुटबलको मान र सान उच्च बनाउन २०३२ सालदेखि निरन्तर मैदानमा छन् । प्रवेश कटुवाल, दिलेन लोक्ताम, राजकुमार कन्दङवा, सन्जय राईजस्ता राष्ट्रिय खेलाडीहरूलाई उनले नै फुटबल सिकाएका हुन् ।

हाल समाजसेवामा लागेका उनी यसअघि वीरता जेसीजको ' उत्कृष्ट नागरिक सम्मान' बाट सम्मानित भएका थिए । गोमेन्द्रले गुरुङसहित छ जनालाई सम्मान गरेको हो । जयनारायण खनाल स्मृति पुरस्कार निता कुमाल, दाताराम शर्मा खनाल स्मृति पुरस्कार कृष्णप्रसाद अर्याल र अलबिना गुरुङ, गोबिन्द-इन्द्र स्मृति पुरस्कार अनामिका न्यौपाने, राधा सुवेदी पुरस्कार सन्देश भारतीलाई जनही ५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिएको छ । महाविद्यालयकी संस्थापक बुधमाया खनालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि एक्सेल डेभलपमेन्ट बैंकका कार्यकारी निर्देशक डा. इन्द्रकुमार कट्टेल, महाविद्यालयका प्राचार्य डा. रुपकप्रसाद खनाल, सह-प्राचार्य सरु भुर्तेल खनाललगायतले सम्मान गरेको थिए । महाविद्यालयको तर्फबाट शिक्षक विकास कोइरालाले स्वागत गरेको कार्यक्रममा विद्यार्थीको तर्फबाट सभ्या गिरीले पनि स्वागत गरेकी थिइन् ।

महाविद्यालयको गतिबिधिसहित कार्यक्रमको औचित्यमाथि क्याम्पस प्रमुख डा. खनालले प्रकाश पारेको कार्यक्रमको सञ्चालन प्राध्यापक शेखर पाण्डेले गरेका थिए । बार्षिकोत्सवका अवसरमा बिद्यार्थीहरुले सांस्कृतिक प्रस्तुतीसमेत प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि डा. कट्टेल र एक्सेल डेभलपमेन्ट बैंकमा एचआर हेड श्यामबाबु बोहोराले शुभकामना मन्तव्य राखेका थिए । महाविद्यालयमा हाल ४९० जना विद्यार्थी अध्ययनरत रहेका छन् भने शिक्षक कर्मचारी ४० जना कार्यरत रहेको जनाइएको छ ।

# लाखौं चोरी गरी भाग्दै गर्दा बराईली पक्राउ



झापा(प्रस)। लाखौं चोरी गरी भाग्दै गर्दा झापा दमकका एक व्यक्ति पक्राउ परेका छन् । शुक्रवार दिउँसो अन्दाजी ३ बजे दमक नगरपालिका वडा न. ५ बस्ने ३४ वर्षीय राजेश बराईलीले वडा न. ५ नारायणगोपाल टोल बस्ने ५६ वर्षीय दिपेन्द्र अधिकारीको एक तले पक्की घरमा कोही नभएको समयमा घरको चेन गेट फुटाई चोरी गरेका थिए । घरभित्र पसी सुत्ने कोठाको ताल्चा फुटाई काठ र स्टिलको दराजभित्र राखेको सुन चोरी गरी भाग्ने क्रममा स्थानीयले देखेर इलाका प्रहरी कार्यालय दमकमा जानकारी गराएका थिए । प्रहरी टोलीले बराईलीलाई नियन्त्रणमा लिएको हो । उनले बोकेको झोलाभित्र सुनजस्तो देखिने पहेँलो धातु तिलहरी थान १,नौगेडी थान १, पहेँलो धातुको लकेटसहितको सिक्री थान १, हातमा लगाउने चुरा थान १, कानमा लगाउने टप थान ४ थान (दुई जोर ), औँठी थान २ गरी अन्दाजी ७ तोलाको अन्दाजी १२ लाख बराबर र नगद १८ हजार फेला परेको प्रहरीले जनाएको छ । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।


## क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुखे वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।
- क्षयरोगबाट बच्नः
- धूम्रपान तथा मद्यपान नगरौ,
- धुवाँ धुलोमा नवसौ,
- खोक्दा हाच्छ्युँ गर्दा रुमालले नाकमुख छोपौं,
- वालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाओ
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन

# अभिव्यक्ति

कविता

## गणित


अमित थेबे

ठ्याक्कै कति अङ्क जोडेपछि
हिसाब मिल्ने हो सरकार !

...

तिम्रो रातो किताबमा
हाम्रो सास थुनिएको छ
तिम्रो सेतो घरमा
कालो कर्तुत लुकेको छ
तिम्रो जङ्गी अड्डा, थाना, अदालत, छापाखाना
हामीलाई फगत अङ्क देखिराछ

...

भन्नोस् ठ्याक्कै
कति वटा करङ भाँचिएपछि रीत पुग्ने हो ?
कति वटा फोक्सोमा प्वाल परेपछि चित्त बुझ्ने हो ?
कति वटा टाउको फोडेपछि चुपचाप बस्ने हो ?
कति वटा औँलाहरू भुइँभरि छर्नुपर्ने हो ?
कति वटा जाँघ, तिघ्रा च्यात्नुपर्ने हो ?
कति वटा नाकको डाँडी बङ्ग्याउनुपर्ने हो ?
भन्नोस्
कतिवटा मुटुको ढुकढुकी रोकिएपछि
शाही दाम पुग्ने हो ?

...

हाम्रो हिसाब मिलाउन
ठ्याक्कै कति वटा सिन्का भाँच्नु पर्ने हो ?

...

तिम्रो अङ्क मिलाउन
बनियाहरू छन् वरिपरि
ठेकेदारहरू छन् दायाँबायाँ
कुण्डले मुण्डले भित्री घेरामा
बन्दुक बोकेका बाहिरी घेरामा
मसी लाउने माथिल्लो लाइनमा
फैसला गर्ने तल्लो लाइनमा
र,
पनि तिम्रो सुपरसोनिक सिस्टमले
भेउ नपाउने गरी
हिसाब गडबड भइरहेको छ ।

...

जुन दिनदेखि
तिम्रो पाउ हाम्रो शीरमा पर्‍यो
तिम्रो नङ्ग्रा हाम्रो चोलुङ्मा गड्यो
त्यस दिनदेखि
तिम्रो खातामा फगत बेरुजु आइरहेको छ ।

...

थाहा छैन
ठ्याक्कै कति अङ्क जोडेपछि
हिसाब मिल्ने हो सरकार !

गजल

## देश चल्दैन


पूर्ण पौडेल

यसरी जुत्ता कसी देश चल्दैन
यसरी मुक्का कसी देश चल्दैन

परिवर्तनका लागि दौडन पो पर्छ
यसरी बसी बसी देश चल्दैन

हाकिमहरू यस कारण मख्ख छन्
नचले रातो मसी देश चल्दैन

बाँझा खेतहरूमा हलो उभिनु पर्छ
भवनभित्र फाली धसी देश चल्दैन

कुर्सी समाइरहने नेता यही सोच्दा हुन्
जेसुकै होस् बिना असी देश चल्दैन।

# मैले किन अनुहार छोप्ने, अनुहार त अपराधीहरूले पो छोप्छन् !


• निरु त्रिपाठी

कल्ड कम्युनिटी भ्वाइसेसले प्रस्तुत गरेको प्रिकोइन्सी-साइलेन्ट हिरोज् डकुमेन्ट्रीमा अफ्रिकाको केन्या मुलुकका एकजना पात्र छिन् - लाउरीता टिन्डी।
उनी अस्ट्रेलिया आएको दुई हप्तामा नै एक अन्जान व्यक्तिबाट बलात्कृत भएकी थिइन्।
मलाई एक जना अस्ट्रेलियन पोडकाष्टरले उनलाई पनि डकुमेन्ट्रीमा समावेश गर्न सुझाव दिएका थिए। यसै सिलसिलामा मेरो लाउरीतासँग कुरा भयो र उनको कहानी सुनेपछि मैले उनलाई सोधेँ- के तपाईं भिडिओको लागि साँच्चै नै तयार हुनुहुन्छ?
उनले सहजै भनिन्- एस् आई एम।
अनि फेरि मैले सोधेँ- तपाईं के चाहनुहुन्छ अनुहार देखाउनुहुन्छ कि छोप्नु हुन्छ? नत्र पछि एडिटिङ ब्लर गरौँला।

उनले हाँस्दै भनिन्- मैले किन अनुहार छोप्नु पर्‍यो? अनुहार त अपराधीहरूले पो छोप्छन्। ब्लर पनि नगर्दा हुन्छ। अनुहार देखाएर नै कुरा गरौँ न हुन्?
उनको आत्मविश्वास गजब लाग्यो अनि त्यसपछि म केही बोलिनँ। सुटिङको डेट फिक्स्ड भयो, उनलाई कन्सेन्ट पेपरमा साइन गराइयो अनि सुटिङ हामीले पार्कमा गर्‍यौं।
क्यामेरा, साउण्ड, एक्सन
'हाई माइ नेम इज लाउरीता.............'
त्यसपछि उनीसँग भएको घटना सुरू भयो। त्यो घटना भनिरहँदा उनको हरेक शब्द शब्दमा पीडा लुकेको थियो। उनको वाक्यमा आक्रोश थियो।

सुन्दर भविष्यको कल्पना गरेर विद्यार्थीको रूपमा उनी केन्यादेखि अस्ट्रेलिया आएकी थिइन्। केन्याको सेन्ट जोसेफ गर्ल्स स्कुल पढेकी लाउरीता एक अब्बल विद्यार्थी थिइन्। आफ्नो देशमा रहँदा उनको लिडरसीपको अनुभव लामो थियो। स्कुल क्याप्टेनदेखि वादविवाद प्रतियोगिताहरूको विजेतादेखि त्यहाँको रेडियोमा सञ्चारकर्मी अनि लेखिकाको रूपमा उनले राम्रो परिचय बनाएकी थिइन्। यही कारणले पनि उनी आमसञ्चार पत्रकारिता पढ्न अस्ट्रेलिया आएकी थिइन्।

अरूले जस्तै उनी पनि मेलबर्न आएपछि एउटा साथीसँग रूम सेयरिङमा बस्न थालिन्। त्यस्तै दुई हप्ता भएको थियो रूम सेयरिङमा बसेको। उक्त साथीले उनलाई एकदिन आफ्नो ब्वाइफ्रेण्ड उनीसँग रात बिताउन आउँदैछ त्यसैले एकदिनको लागि अन्तै गएर बस्न अनुरोध गरिन्।

अन्जान ठाउँमा एक रातको लागि म कहाँ गएर बस्ने भनेर उनी आत्तिइन्। तर उनको साथीले त्यसको पनि व्यवस्था मिलाइसकेको कुरा लाउरीतालाई भनिन्।

उक्त साथीले आफूले चिनेको एक जना दाइ जस्तै राम्रो व्यवहार गर्ने मान्छे छ उसकोमा तिमी गएर बस भनिन्।

लाउरीता नचिनेको मान्छेकोमा जान्नँ भनेर हिच्किचाइन् तर साथीले एकदमै राम्रो मान्छे हो र त्यहाँ बस्दा मलाई पनि ढुक्क हुन्छ भनेर लाउरीतालाई बल्ल बल्ल मनाइन्। त्यसपछि लाउरीतालाई लिन त्यो मान्छे घरमा नै आयो।

बाटोमा जाँदा त्यो व्यक्तिले लाउरीतालाई राम्रो व्यवहार पनि गर्‍यो साथीले भनेको जस्तै। घर पुगेपछि त्यो व्यक्तिले उनलाई गेष्ट रूम पनि देखाइदियो। लाउरीता गेष्ट रूममा नै त्यो रात बिताइरहेकी थिइन् एक्कासि त्यो व्यक्ति लाउरीताको कोठामा आएर उनलाई जबरजस्ती गर्‍यो।

यसो भनिरँदा लाउरिता स्तब्ध भइन्।

हामी पनि स्तब्ध भयौं।

लाग्यो पार्कमा एकछिनको लागि रूखको सबै पातहरू पनि स्तब्ध भए।

'अनि पुलिसलाई फोन गर्नुभयो त?' हामीले साध्यौं।

'त्यो हिम्मत ममा कहाँ थियो र?' आत्तिएर कसलाई कसरी कुन नम्बरमा फोन गर्ने पनि यादै भएन। त्यहीमाथि कसैलाई भन्यो भने तँलाई घरको न घाटको बनाउँछु भनेर धम्की पनि दिएको थियो त्यो मान्छेले। भिषा रद्द हुन्छ कि भनेर डर पनि लाग्यो।'

'अनि साथीलाई भन्नुभयो?' हाम्रो अर्को प्रश्न थियो।

'अँ भनेँ। तर त्यो साथीले मलाई चुप लागेर बस्न सुझाव दियो। उनले पनि मलाई डर त्रास देखायो। त्यसपछि म पूरै डिप्रेसनमा गएँ। मेरो सहारा कोही भएन जस्तो भयो। तर पनि आफूलाई समाल्दै गएँ। सोसल एक्टिभिष्टहरूलाई भेट्न थालेँ। आफ्नो यो घटना सेमिनारमा अनि मान्छेसँग भन्न थालेँ। उनीहरूले मलाई हिम्मत दिए। अनि अन्तत म त्यस मान्छेविरूद्ध केस फाइल गर्न तयार भएँ। जुन दिन मैले उसको विरूद्ध केस फाइल गरेँ, त्यही दिन ऊ अस्ट्रेलिया छोडेर आफ्नो देश गयो। सायद कसैले उसलाई भनिदियो।'

सुटिङ सकिएर घर आएपछि मैले यस विषयमा धेरै सोचेँ।

लाउरीता जस्तो कति विद्यार्थीहरू छन् होला यहाँ जो यस्तो घटनाबाट प्रताडित छन्। कतिले भनेको छन् होला त कतिले लुकाएका छन् होला। कतिले केस गरेका छन् होला त कतिले गर्न बाँकी नै छ होला।

त्योसँगै हेराल्ड सनले २०१० मा छापेको एउटा घटना पनि याद आयो।

एक जना महिलाले आफ्नो घरको एउटा कोठा एक जना पुरूषलाई भाडामा दिएकी थिइन्। त्यो पुरूषले ती महिलालाई घर सरेको तीन दिनमै बलात्कार गरेको थियो। उक्त पुरूष रातभर मदिरा सेवन गरेर घर फर्किएका थिए। घर पुग्दा उसले ती महिलालाई सोफामा सुतेको अवस्थामा देखे अनि ती पुरूषले ती महिला निद्रामा रहेको बेला जबर्जस्ती यौन दुर्व्यवहार गर्‍यो।

महिला बिउँझिएपछि उनले चिच्चाउन थालिन् अनि उसलाई रोक्ने प्रयास पनि गरिन्। तर त्यो पुरूषले उल्टै तँ किन यसरी सोफामा सुतिस् भनेर महिलालाई आरोप लगायो। आफ्नो कोठामा नसुतेर यसरी बाहिर सोफामा सुत्नु नै उनको गल्ती भएको उसले तर्क दियो। जब भोलिपल्ट उसको रक्सीको नशा उर्तियो अनि उनले माफी मागेर र प्रहरीसमक्ष आत्मसमर्पण गर्‍यो। अदालतमा पेस गरिएका विवरण अनुसार, ती पुरूषले मेलबर्न गमट्री वेबसाइटमा कोठा भाडामा दिने विज्ञापन देखेर ती महिलासँग बस्न गएका थिए।
अब नेपाल र नेपालीकै कुरा गरौं।
नेपालबाट अस्ट्रेलिया आउने भाइबहिनीहरू कि त आमाबुबाको घर छोडेर आएको हुन्छन्, कि त होस्टेल, कि त भाडाको कोठा। अस्ट्रेलिया वा अन्य देशमा झैँ अझ पनि अन्जान व्यक्तिसँग फ्ल्याट सेयर गरेर बस्ने चलन त्यति आइसकेको छैन। आजकाल सुरू भएको भए बेग्लै कुरा। तर यहाँ पढ्न आउँदा अन्जान मान्छेसँग विभिन्न नियत भएको मान्छेसँग कोठा वा घर सेयर गरेर बस्नुपर्ने बाध्यता हुन्छ। कहिलेकाहीँ आफू सही हुँदा तर अरूको नियत बिग्रँदा नराम्रो घटनाहरू घट्ने गर्दछ।

यौन शोषण योनीमा मात्रै नभई शरीरको अन्य अंगमा छोइदिँदा पनि हुन्छ। यौन शोषण छोएर मात्रै होइन दृष्टिबाट पनि हुन्छ, शब्दबाट पनि हुन्छ, हाउभाउबाट हुन्छ।

एक जना नेपाली बहिनी आफ्नो घरको दाइ दिदीहरूसँग माउण्ट बुलर घुम्न जाँदा उनीहरूले बोलेको एफ' ल्याङ्गवेज अनि उनलाई नै सुन्न अप्ठ्यारो हुने वाक्यहरू, कमेन्टहरू र घिनलाग्दो हाँसोले मानसिक रूपमा असर गर्‍यो।
दाइ दिदीहरू दुवैलाई आफ्नो अगाडि यस्तो शब्दहरू नबोल्न आग्रह गर्दा र यस्तो सुन्दा आफूलाई असहजिलो महसुस भएको भनेर अनुरोध गर्दा पनि उनीहरू नरोकिएर उल्टै एक जनाले उनको तिघ्रामा छोएर 'ग्रो अप लिटल बेबी' भन्दा उनी रातमा केही हुन्छ कि भन्ने डरले कसैलाई नभनी उनी त्यहाँबाट राति नै भागेकी थिइन्। यो घटनाले उनलाई साह्रै आघात भयो। पछि घरको मान्छे फर्केर आएपछि उनलाई उल्टै तथानाम भनेर गाली गरेछ। यति सानो कुरामा पनि त्यसरी राति एक्लै मेलबर्न कसरी फर्किन सकेको! बाटोमा केही भएको भए को जिम्मेवार हुन्थ्यो भनेर उनीहरूले उनलाई उल्टै थर्काएर त्यहाँबाट अन्तै सर्न अह्राएछन्।

उनी रूँदै मेरो अगाडि यो कुरा भन्दा उनीमाथि शब्द र वाक्यले उनीमाथि भएको यौन शोषण सजिलै महसुस गर्न सकिन्थ्यो।

बाटोमा केही भएको भए भन्ने तिनीहरूले बाटोभरी उनलाई असहजिलो महसुस गराउँदा चाँहि डर लागेको थिएन, चिन्तित थिएन।
मेरो प्रश्न त्यहाँ पनि थियो- तिमीले त्यतिखेर हेल्पलाइनलाई फोन गरेनौँ?
'कहाँ हिम्मत हुनु दिदी।'

'अनि पुलिसलाई पनि खबर गरेनौँ?'

'कसैले पनि पुलिसकोमा जा भनेन। एक दुई जना साथीहरूलाई भनेको उनीहरूले जाबो यस्तो कुरा पनि पुलिसलाई भन्छ त। यस्तो त भइरहन्छ। अहिले नयाँ भएर यस्तो शब्द सुन्दा अप्ठ्यारो भएको हो तर पछि बानी हुन्छ भने अनि त्यसपछि मलाई साह्रै गाह्रो भयो। डिप्रेसनमा नै गएँ।'

'तिमीले अहिले पनि पुलिस केस गर्न सक्छौ थाहा छ?' मैले उनलाई भनेँ।

तर उनले 'होइन दिदी भयो। अब नेपाल फर्किन लागेको। उहिलेको कुरा हो यो। भिसा पनि रिजेक्ट भयो अब नेपाल फर्कन लागेको,' भनिन्।

धेरै मान्छेलाई यस्तो घटना हुँदा के गर्ने कहाँ भन्ने भन्ने कुरा थाहा छैन। त्यसैले पनि यदि आफू असुरक्षित छ भन्ने महसुस भयो भने दायाँबायाँ केही नसोची ००० मा फोन गर्न सकिन्छ नभए क्भहगर्बा ब्ककबगति ऋचष्क्क ीष्लभ१८०० ८०६ २९२ मा फोन गर्न सकिन्छ।
हरेक राज्यको लागि छुट्टाछुटै हेल्पलाइनहरू रहेको हुन्छ र यो चाँहि भिक्टोरियाभरी छ।

# नैनशोभाको सुपारी


• ध्रुवसत्य परियार

दाउराका भारी बोकेर तीन युवती बागमतीको साँघुतिर आउँदै थिए । घोडामा सवार एक तरबारधारी पुरुषले वारिबाट युवतीहरूलाई हेरिरहेको थियो । ऊ सवार घोडा स्थिर देखिन्थ्यो तर उसको अधीरता बुझिनसक्नुको थियो । ऊ दायाँबायाँ हल्लिरहेको थियो ।
फागुन कृष्णपक्ष, शिवरात्रि आउन एक साता बाँकी थियो । झमक्क साँझ पर्न लागेकाले युवतीहरू छिटोछिटो हिँड्दै थिए । जीवनमा आइलाग्ने स-साना सुखदुःखको प्रतिक्रिया स्वरूप बैंसको लालीले ल्याउने हाँसोको मूल पनि उनीहरूबाट फुटिरहेको थियो । त्यसमा स्वच्छ वागमतीको कलकल र बास बस्न लागेका चराहरूको चिर्बिर मिसिँदा गीतमा सुन्दर संगीत भरेजस्तो माहोल थियो ।
युवतीहरू साँघु तर्दै गर्दा ऊ घोडाबाट ओर्लियो र घोडालाई नजिकैको रुखमा बाँध्यो । युवतीहरूको बाटो छेक्दै मसिनो स्वरमा केही भन्यो । तीमध्ये एउटीलाई नाडीमा समातेर आफूतिर तान्न खोजिरहेको थियो । युवतीले आफ्नो हात फुत्काएर अगाडि बढ्ने कोसिस गर्दै थिइन् तर सकिरहेकी थिइनन् । मदिराले लट्ठिएको तरबारधारी पुरुषले आफ्नो शरीरलाई सन्तुलित राख्न सकिरहेको थिएन, ढलमल-ढलमल गरिरहेको देखिन्थ्यो । यद्यपि उसले युवतीको नाडी छाडेको थिएन ।

नजिकै झ्याङमा छेलिएर शौच गरिरहेका मंगलेले यो सबै दृश्य हेरिरहेका थिए । त्यस दृश्यले उनलाई एउटा दर्दनाक घटना सम्झायो । जुन घटना उनले आफ्नै आँखाले देखेका त थिएनन्, गाउँकै एक खराब मानिसले उनलाई सुनाएको थियो । झगडा परेको बेलामा उसले मंगलेलाई भनेको थियो– तँ बतासे होस्, ठिमाहा होस् । भन्न त तेरी आमाले पञ्चसामु भनेकी थिई, रक्सी खाएर बाबुसाहेब आउनुभएको थियो, मलाई नाडीमा समाएर तान्नुभयो । जे भने पनि बाबुसाहेबले स्याहारेनन् !
यता तरबारधारी पुरुषले युवतीलाई नाडीमा समाएर बाटोमुनि पुर्‍याइसकेको थियो । बिच बाटोमा लडेको दाउराको भारीको जुइनो चुँडिएको थिएन, तर मंगलेको मन नराम्रोसँग चुँडियो र उनको नसानसामा रगत उम्लेजस्तै भयो । उनले ती युवतीलाई आफ्नी आमाको रूपमा देख्न थाले भने तरबारधारी पुरुषलाई बाबुसाहेबको रूपमा ।
हतारहतार झारपातले शौच पुछेर उनी बाटोमा आए, दाउराको भारीबाट एउटा लाठी थुतेर तरबारधारी पुरुषतिर जाँदै जोडले चिच्याए – असती, छोड त्यसलाई । तरबारधारी पुरुषले युवतीलाई बेस्सरी धकेलेर भुइँमा लडायो र कम्मरको म्यानबाट तरबार थुतेर मंगलेमाथि जाइलाग्यो । उसको प्रहारलाई छलेर मंगलेले लाठी प्रहार गरे । लाठीले टाउकोमा लागेर तरबारधारी पुरुष ढल्न लाग्दै थियो, त्यसैमाथि मंगलेले अर्को चोट थपिदिए । ढलेको तरबारधारी पुरुष चलमलाएन । यता मंगलेको मुटु भने भुक्कभुक्क उफ्रन थाल्यो । यो सबै दृश्य युवतीले हेरिरहेकी मात्रै थिइन् तर केही सोच्न, गर्न वा भन्न भ्याएकी थिइनन् । मंगले युवतीलाई उठाउन गए । 'चोट लाग्यो कि ?' रिस र डरले फुलिरहेको श्वाससहित मंगलेले सोधे ।
युवतीले टाउको मात्रै हल्लाइन् ।

'अब तिमी दाउरा लिएर छिटो आफ्नो घरमा जाउ । यहाँ जे भयो, तिम्रा दुई साथीलाई सबै सत्य सुनाउ तर कसैलाई नभन्न भन । यो घटनाबारे कसैले सोध्यो भने– हामीले केही देखेनौँ, हामीलाई केही थाहा छैन भन्नु,' युवतीलाई दाउराको भारी बोकाउँदै मंगलेले भने, 'मैले तिमीलाई र तिमीले मलाई कहिल्यै देखेका छैनौँ नि ! यो कुरा पनि ख्याल गर । भोलि कतैबाट सोधखोज भइहाले मैले तिमीलाई चिन्दिनँ भन्छु । तिमीले पनि मलाई चिन्दिनँ, यसअघि देखेकै थिइनँ भन्नु ।'
भाग्ने बाटो कुन सुरक्षित होला भनेर मंगलेले यताउता हेर्दै थिए, युवतीले उनको नाडीमा च्याप्न समातेर सोधिन्– तिम्रो नाम के हो, घर कहाँ हो ?
मंगले हो मेरो नाम । घर पश्चिम भीरकोट । यहाँ पशुपतिमा बस्छु । जिम्मावालहरू यज्ञ गर्न आएका छन्, म उनीहरूकै भरिया भएर आएको हुँ । शिवरात्रिपछि फर्कन्छौँ ।
मंगले झाडीतिर छिरे । युवती आफ्नो घरतिर बाटो लागिन् ।
त्यसको भोलिपल्ट, ती युवती मंगलेलाई खोज्दै पशुपतिमा पुगिन् । मंगलेले परैबाट युवतीलाई देखे । जिम्मावालहरूले थाहा पाउलान्, शंका गर्लान् भन्ने त्रास उनलाई थियो । सबैको आँखा छलेर उनी छेउ लागे र कसो कसो श्लेष्मान्तक वनतिर छिरे । युवती पनि पछिपछि आइन् ।
एकान्तजस्तो स्थानमा पुगेपछि मंगलेले सोधे– किन आको तिमी ?

❖ बाँकी तेस्रो पृष्ठमा

## नैनशोभाको...

'तिमीलाई भेट्न ।'
मलाई किन भेट्नुपऱ्यो ?

'त्यस्तै पऱ्यो । म त रातभरि निदाउनै सकिनँ । कस्तो तिम्रो माया लाग्यो नि ! माया लागेर के गर्ने ? तिम्रो अनुहार पनि मेरो सम्झनामा आएन । त्यसैले तिमीलाई एकछिन हेरेर तिम्रो अनुहार सम्झन यहाँ आएकी ।'
मेरो अनुहार सम्झेर के गर्छ्यौ ?
'यो जुनी बिताइदिन्छु,' यति भनेर उनले नाडीमा समाएर मंगलेलाई झाडीतिर लगिन् र सोधिन्, ' हिजो तिमीले मलाई किन बचायौ ?'
उनीहरूले वनमा धेरै कुरा गरे । युवतीको नाम नैनशोभा रहेछ । उनले घरबाट चटामरी लिएर आएकी थिइन्, दुवैले खाए ।
००
मंगलेकी आमालाई गाउँका ठुलाबडाले जातले मात्रै सम्बोधन गर्थे– दमिनी । आफन्तले भने जुनेली भन्थे । उनी जन्मदा झलमल जून लागेको थियो रे । जब उनी जवान भइन्, उनको तन र मनमा जून लाग्न भने पाएन, उल्टै इज्जतमा कहिल्यै नपखालिने ग्रहण लाग्यो । उनले मंगलेलाई जन्म त दिइन्, बाउको न्यायो काख दिन सकिनन् ।
उनका बा र सात भाइ दाइहरूले बिस्टकहाँ सिलाउने, बिस्टको उत्सवमा बाजा बजाउने र बिस्टकै खेतबारीमा जोत्ने गर्थे । उनकी आमाले बिस्टका लुगा टाल्थिन्, मेलापातको काम गरिदिन्थिन् । सधैँ आमाको पछि लागेर हिँड्ने जुनेली बिस्टकै खेतबारी र आँगनमा हुर्किइन् । बिस्टको दैलो नाघ्ने र बिस्टहरूलाई छुने छुट वा हक आफूलाई छैन भन्नेमा उनी सानैदेखि अभ्यस्त थिइन् । जब उनको बालापनलाई बैँसको गुलाबी बादलले ढाक्दै गयो, हिजो तर्कँदै आएका पुरुषहरू पनि उनको नजिक पर्नका लागि एकान्त स्थल ढुक्न थाले । उनले महसुस गर्न थालिन्– सबैभन्दा चोखो त यहाँ युवतीको जोबन रहेछ, जसलाई जुठो पार्न सके जो-कोही पुरुषले आफू सफल भएको ठान्दो रहेछ ।
आमाले उनलाई बेलाबेला सम्झाउँथिन् – जोबन धानेस् है, जोबन जुठो भएपछि सबै सकिन्छ आइमाईको !
उनको मनमा तर्क आउँथ्यो– साँच्ची ! यी गाईवस्तु, कुखुरा आदिको जोबन किन चोखो र जुठो हुन्न !
उनीहरूको घरमुनि र घरपारि पाखो बारी थियो । घरपारिको एक हल बारीमा निकै बाँदर लाग्थ्यो । मकै पाक्ने बेला उनी, उनकी आमा र उनका दाइका छोराछोरीहरू बाँदर धपाउन जान्थे; ढ्याङ्ग्रो ठटाएर बस्थे । एक साल, मकै पाक्ने बेला उनकी आमा बिरामी परिन् । तीज वा यस्तै कुनै चाड परेकाले दाइका छोराछोरी मामाघर गएका थिए । बाँदर धपाउन जानेमा जुनेली एक्लै परिन् । त्यस दिन बारीमा बाँदर आएन, बाँदरजस्तै बुद्धिको बाबुसाहेब आए र उनको नाडीमा समाए । त्यसपछि जे भयो, परिणामतः मंगलेको जन्म भयो ।
मंगलेको बाबु चिन्न पञ्च बस्यो, समाजका माझ जुनेलीले सबै घटना बताइन् तर बाबुसाहेबले जुनेलीलाई स्वास्नी र मंगलेलाई सन्तान स्विकारेनन् । जुनेलीका नाममा केही खेत र बारी दिएर उनी तर्कन थाले । बेसरी बलिया र मूर्ख स्वभावका माहिला बाबुसाहेबसँग मुखिया-जिम्मावाल समेत डराउँथे ।
जुनेलीको रजस्वला रोकिएपछि र पेट बढ्दै गएपछि आमाले केरकार गर्न थालेकी थिइन् । सुरुमा लाजले टार्दै आएकी जुनेलीले एक पूर्णिमाको रात माहिला बाबुसाहेबको नाम लिइन्, त्यस रात घरैलाई औँसीले छोपेझैँ भयो ।

जुनेलीका माहिलादाइको पनि बल र हिम्मतमा नौ गाउँसम्म नाम चलेको थियो । हान्न आएको यमानको राँगोलाई सिङमा समाएर लडाएपछि उनको नाम चार भञ्ज्याङ परसम्म फैलिएको थियो । यद्यपि ठकुरी र बाहुन-क्षत्री समाजले उनलाई यसरी थिचेको थियो कि उनको बल खेतबारी जोत्न वा ठुलो भारी बोक्नबाहेक अन्यत्र प्रयोगमा आउनै पाउँदैनथ्यो ।
मान्छेको रिस र प्रेम एक न एक दिन निस्कैरै छाड्छ । एकपटक डाँडाको चौतारीमा माहिला दमाई र माहिला बाबुसाहेब निःशस्त्र भिड्न पुगे । बाबुसाहेबलाई माटोमा उत्तानो लडाएर गर्दनमा समाउँदै माहिला दमाईले भन्दै थिए– आज म तँलाई मारेर गाउँ छाड्छु ।
त्यही बेला जुनेली पुगेर छुटाइन् र त्यसरी नभिड्नका लागि आफ्ना दाइलाई किरिया खुवाइन् । उनले आफ्नो हुन नसकेको पतिलाई भनिन्– बाउसाब, हजुरको बल छ र पेटमा हरि छ भने मेरो पेटमा परेको हजुरकै रगतको हत्या गर्नुस् । हिम्मत छ ? हजुरको बल घट्दै जाला र एक दिन आफ्नै रगतले हिसाब-निसाफ खोज्ला, हेक्का रहोस् बाउसाब ।
समय र परिस्थितिले जुनेलीलाई जब्बर हुन सिकाएको थियो । ठकुरीको पेट बोकी भनेर गाउँभरि कुरा काट्थे, तर अरुका कुराले उनलाई छुँदैनथ्यो ।

००
माहिला बाबुसाहेबले दिएको खेतबारीको तिरो नै चर्को थियो । बिस्टहरूले तिरोमा घिउ तिर्थे, घिउ बेचेर मोहर तिर्थे तर जुनेलीको घरको घिउ चल्दैनथ्यो । तिरोमा अन्न बुझाएरै जुनेली हैरान हुन थालिन् । तिरो बुझ्ने मुखिया-जिम्मावाल खराब परे भने समाजमा पुहुनी कहलिएकाहरूले आफ्नै खेतबारीमा गरिखान सक्दैनथे । अन्ततः जुनेलीले पनि खेतबारी गुमाइन् ।
यता मंगलेले समाजमा बाउको जात पाएनन्, दमाई भएर मावलीमा हुर्के । बिस्टकै खेतबारी जोत्न, बाजा बजाउन सिक्दै गए । २० वर्षको उमेरसम्म उनले बिहे गरेका थिएनन् ।
त्यही बेला जिम्मावाल खलकलाई पशुपतिको दर्शन गर्ने मन भयो । कोही आएर उनलाई भन्यो– जिम्मावालहरूको भरिया बनेर नेपाल खाल्डो जा । आउन-जान दुई महिनाजति लाग्छ । त्यसो गरिस् भने खेतबारी फिर्ता पाउँछस् ।
पशुपतिको दर्शन हुने, खेतबारी पनि फिर्ता आउने भनेपछि जुनेलीले खुसीसाथ छोरालाई नेपाल पठाएकी थिइन् । १८ दिन जति हिँडेर पशुपति पुगेपछि जिम्मावालहरूले यज्ञ गर्न थाले । मंगले भने पशुपति वरिपरिका ठाउँ घुम्थे । यसरी घुम्दै गर्दा उनले नैनशोभालाई भेटेका थिए ।
नैनशोभालाई भेटेपछि पनि मंगले पशुपतिमा १२ दिन जति बस्नुपऱ्यो । अनेक बहाना बनाएर नैनशोभा हरेक दिन मंगलेलाई भेट्न आइन् । यिनीहरूले भेट्ने ठाउँ तोकेका थिए । प्रत्येक दिनको भेटले यिनीहरूबिच प्रेम हुर्कँदै गयो ।
तरबारधारी पुरुषको हत्यालाई लिएर राणा सरकारका मान्छेले प्रजापरिषद् र अन्य गुप्त संगठनका मानिसलाई पक्राउ गर्न थालेको नैनशोभाले चाल पाएकी रहिछन् । आफूहरूमाथि कुनै शंका नगरेपछि नैनशोभा ढुक्क थिइन् । यो १९९९ सालतिरको कुरा हो, त्यतिबेला नेपाल खाल्डोमा राणाविरोधी गतिविधि एक किसिमले उत्कर्षमा पुग्न खोज्दै थियो । अन्ततः नैनशोभा भागेर मंगलेसँगै भीरकोट जाने भइन् । मंगलेले जिम्मावालहरूलाई सुनाउनका लागि कथा बुने– नैनशोभा टुहुरी दमिनी हुन्, मजस्तै मामाको घरमा हुर्केकी । हामी भेटिएको १२ दिन जति भयो । मैले त यिनलाई भगाएर लैजाने निधो गरेँ । यिनी पनि मन्जुर छन् । हजुरहरूले सहयोग गर्नुपऱ्यो, हजुरहरूलाई एउटा सुसारे बढ्ने त हो ।

जिम्मावालहरूले साथ दिने भए । झन्डै २१ दिन हिँडेर भीरकोटदेखि केही परको गाउँमा नैनशोभा पुगिन् । बाटोभरि उनलाई माइतीको खासगरी आफ्नी आमाको खुबै सम्झना आएको थियो । घरमा सासुआमाको गहिरो स्नेह पाएर उनले आफ्नी आमालाई बिर्सँदै गइन् ।
रहँदा-बस्दा उनले एउटा छोरालाई जन्म दिइन् । छोरो हुर्केर सात वर्षको हुँदै थियो, त्यही बेला उनी मानसिक रूपमा बिरामी पर्न थालिन् । उनले सपनामा आमालाई मात्रै देख्थिन्, रातभरि बर्बराउँथिन् ।
जुनेलीले उनलाई धामी-झाँक्रीकहाँ लगिन् । झाँक्रीले पनि हात झिके– यिनलाई फिर्ता बोलाउन यिनकी आमाले ठुलो झाँक्री लगाएकी छन् । त्यो तन्त्रमन्त्र छुटाउन मैले सकिनँ, म यही सल्लाह दिन्छु कि एकपटक यिनले आफ्नी आमालाई भेट्नैपर्छ ।
मंगलेले एकपटक नैनशोभालाई माइत पुऱ्याउने सोचेका थिए तर माइतीलाई भेटेपछि उनी फर्कन पाउने हुन् कि होइनन्, त्यहाँ आफूहरूको के हालत हुने हो– यस्तै त्रास मंगलेलाई थियो । त्यतिन्जेलसम्म देशमा प्रजातन्त्र आइसकेको थियो, जातभातको कानुन हट्ने कुरा चले पनि हटिसकेको थिए । नैनशोभालाई माइतीसँग भेटाउने हिम्मत उनले गरेनन् । विशेषतः उनलाई आमाले रोकेकी थिइन् ।

नैनशोभा बिरामी भएको र झाँक्रीले भनेको कुरा गाउँभरि हल्ला चल्न थाल्यो । त्यतिन्जेलसम्म नैनशोभा नेवारकी छोरी हुन् भन्ने समाजमा खुलिसकेको थियो । दमिनीले नेवार्नी बुहारी पाएको कति ठुलाबडालाई मन परेन । जिम्मावाल खान्दानकै कतिपयले नैनशोभाको कान भर्न थाले – हामीले तिमीलाई नेपाल पुऱ्याइदिन्छौँ, यो दमाईलाई छाड ।
एक दिन नैनशोभाले आफूलाई आँखाका नानी जस्तो ठान्ने श्रीमान्, सासु र आफ्नो मुटुको टुक्रो सात वर्षको छोरालाई छाडेर हिँडिन् । उनी घर छाडेर हिँड्दा सिरानीमा सुपारी राखेकी थिइन् ।
नैनशोभाले घर छाडेकै दिन मंगलेले खबर पाए, उनी माइतीलाई भेट्न जिम्मावाल खान्दानसँग नेपाल गएकी छन् । उनलाई लिन मंगले जान खोजे तर आमाले दिइनन्, छोरो नै फर्कन्न कि भन्ने चिन्ता उनलाई थियो ।
००
३० वर्षपछि, एक दिन नैनशोभा आफ्नो घर फर्किन् । देशमा पञ्चायती शासन थियो, पृथ्वी राजमार्गमा फाट्टफुट्ट गाडीहरू गुड्न थालेका थिए । यसपालि उनले पहिलेजति धेरै हिँड्नुपरेन, उसो त उनको हिँड्ने बल र बैँस पनि ढलिसकेको थियो । उनकी सासु जुनेलीले संसार छाडेकी सकेकी थिइन् । घरमा बुहारी र चार नातिनातिना थिए । उनीहरूले नैनशोभालाई चिनेनन् । उनले पनि तत्कालै आफ्नो परिचय दिन आवश्यक ठानिनन् । मंगले एक हल गोरु खोज्न निस्केका रहेछन्, त्यस दिन उनी घर फर्केनन् ।

नैनशोभाले आफ्नै छोराबुहारीसँग एक रातका लागि बास मागिन्, आफू पनि दमिनी भएको बताएर । छोरो पशुपति भारतको सरकारी बैंकमा पालेको जागिर खान पुगेका रहेछन् । ढोकामा छोराको श्यामश्वेत तस्बिर टाँगिएको थियो । उनले सोधिन्– यी बाबु नानीको श्रीमान् हुन् कि !
हजुर, कसरी चिन्नुभयो ?
त्यस्तै लागेर सोधेको । बाबुको नाम के हो नि !
'पशुपति ।'
मंगलेलाई पशुपतिको वरिपरि भेटेको भएर उनले छोराको नामै पशुपति राखेकी थिइन् । छोराको तस्बिरमा उनका आँखा एकछिन टक्क अडिन पुगे । त्यस दिन उनीहरूको घरमा भुटन सकिएको रहेछ । सकिएको भन्दा पनि केटाकेटी खेल्दा पोखेका रहेछन् ।
बुहारीले भनिन्– तेल पोखिहाल्यौ । जाउ हजुरबाको सुपारी ठेकी लिएर आउ, आज त्यसैको घिउ खानुपर्छ ।
सुपारी शब्दले नैनशोभालाई आफूले सिरानीमा छाडेर गएको सुपारी सम्झायो । उनका आँखाबाट अनायसै आँसु झरे ।
खाना खानेबेला उनले अप्ठेरो मानी-मानी बुहारीलाई सोधिन् – नानीले अघि सुपारी ठेकी भनेको सुनेझैँ लागेको थियो । के हो यो सुपारी ठेकी भनेको ? मलाई जान्न मन लागेर नि !
नैनशोभाले सिरानीमुनि राखेको सुपारीलाई मंगलेले मायाको चिनो ठानेछन् । नबिग्रियोस् भनेर उनले त्यसलाई घिउको भाँडोमा डुबाएर राखेका थिए । कहिलेकाहीँ उनले त्यस सुपारीलाई पूजा पनि गर्थे ।
यो सुनेर नैनशोभा बेस्सरी भक्कानिइन् । ऐय्या-ऐय् या भन्दै छातीमा हात राखेर ढलेकी उनी उठिनन्, उनको प्राण उड्यो ।
बास बस्न आएकी पाहुनाले दुई गाँस नखाँदै प्राण त्यागेपछि उनीहरू त्रासमा परे । लासलाई त्यसै छाडेर उनीहरू सबै अर्को घरमा मान्छे बोलाउन गए । गाउँका केही युवा र वृद्धले रातभरि लास कुरे । कतिले शंका गरिसकेका थिए, यी कतै नैनशोभा त होइनन् ?
त्यो रात त्यसै बित्यो । भोलिपल्ट बिहानै मंगले आइपुगे । छोराबुहारीबाट सबै कुरा बुझेपछि उनले लासलाई घोरिएर हेरे । नैनशोभाको दाहिने निधारमा कोठी थियो, दाहिने निधारमै कोठी देखेपछि अत्तालिँदै एकछिन अनुहारलाई वल्टाइपल्टाइ गरे र डाँको छाडेर रोए ।
आफ्नी सासुआमालाई नचिनेकोमा बुहारीलाई पनि ग्लानि भयो । नैनशोभाले एउटा कपडाको पोको ल्याएकी थिइन्, त्यसमा केही जोरकपडा, केही सुनका गहना र एउटा गलबन्दी थियो । मंगलेको गलबन्दीलाई नैनशोभाले चिनो लगेकी रहिछन् तर मंगले भने हरायो भन्नेमा थिए । मंगलेले ३० वर्षपछि आफ्नो हराएको गलबन्दी त पाए तर पत्नीलाई पाउन सकेनन् ।
त्यही दिन नैनशोभाको सत्गत गरियो ।
००

बहुदल आएर पनि देश जनयुद्धमा थियो । मंगलेले संसार छाडिसकेका थिए । उनका छोरा पशुपतिको पनि पेन्सन पाकिसकेको थियो । नैनशोभाले छाडेको सुपारी र केही गहनाको रेखदेख गर्ने जिम्मा पशुपतिमा सरेको थियो ।
एक दिन पशुपतिले सपना देखे । सपनामा आमा नैनशोभा आएर भनिन्– मैले छाडेको सुपारी, गहना र गहनासँगै भएको नेपाली कागज तेरी ठुली नातिनीलाई दे । उसले मेरो आत्मालाई खुसी पार्ने काम गर्नेछे ।
पशुपतिको जेठो छोराकी छोरी पूर्णिमा काठमाडौँमा पढ्न आउने तर्खरमा थिइन् । पशुपतिले आफ्नो सपनासहित सबै कुरा बताएर पूर्णिमालाई सुपारी र गरगहना दिए । पूर्णिमाले पनि ती चिज लिएर काठमाडौँ आइन् । सुपारीलाई सानो चाँदीको बक्सामा राखिएको थियो । गरगहना र नेपाली कागज पनि त्यस्तै अर्को चाँदीको बक्सामा थिए । त्यसैले यी चिज ल्याउन पूर्णिमालाई समस्या भएन ।
काठमाडौँमा अंग्रेजीमा मास्टर गरेर पूर्णिमा फिल्म पढ्न युरोप गइन् । पढेर नेपाल फर्केपछि उनी फिल्म बनाउने तयारीमा लागिन् । फिल्मको कथा खोज्दै जाँदा उनलाई आफ्नै जिजुआमा नैनशोभाको सम्झना भयो । त्यसपछि उनले सुपारी सिरानीमा राख्नुको अर्थ खोजिन् । राणाकालमा नेवार समुदायका महिलाले सुपारी सिरानीमा राख्नुले सम्बन्धविच्छेद गरेको जनाउँदो रहेछ । तर मंगलेलाई के थाहा होस्, अर्को समुदायको संस्कृति !

गरगहना रहेको भाँडोमा रहेको नेपाली कागजमा नेवारी भाषामा केही लेखिएको थियो । विज्ञ लगाएर पूर्णिमाले त्यसको अर्थ थाहा पाइन् । तरबारधारी पुरुषको हत्या गरेर नैनशोभालाई उठाउन जाँदा मंगलेको भोटोको खल्तीबाट सुपारी खसेको थियो । जसलाई नैनशोभाले प्रेम प्रस्ताव ठानेकी थिइन् तर यो सुपारीबारे उनले मंगलेसँग कहिल्यै कुरा गरेकी थिइनन् ।

आमालाई भेट्न आउँदा सम्बन्धविच्छेद गर्न के कुराले प्रेरित गऱ्यो भन्ने नैनशोभालाई सम्झना रहेनछ । उनले लेखेकी छन्– सायद म मेरी आमाको मायामा पागलजस्तै भएँ कि !
काठमाडौँ आएपछि उनले केही समय आमाको स्याहार गरेर बस्नुपऱ्यो । आमाले मृत्यु हुनुअघि उनलाई केही गरगहना र रुपैयाँ पैसा दिएकी थिइन् । रुपैयाँले एउटा किराना पसल चलाएर बसिन् । उमेर ढल्कँदै जाँदा उनलाई पति र पुत्रको सम्झनाले सताउन थाल्यो । त्यसपछि उनी घर फर्केकी थिइन् ।
साधारण लेखपढ गर्न सिकेकी नैनशोभाका कतिपय अक्षर नबुझिने थिए । त्यस कागजका कुरा, हजुरबाले भनेका कुरा, आफूले अनुसन्धानबाट पत्ता लगाएका कुरा– सबैलाई मिलाएर पूर्णिमाले फिल्म बनाइन्, 'नैनशोभाको सुपारी' । फिल्म सय दिनसम्म चल्यो । पत्रपत्रिका, अनलाइन न्युजपोर्टल, टीभी, युट्युब च्यानल– सबैले पूर्णिमाको अन्तर्वार्ता लिएका थिए । एउटा भिडियो अन्तर्वार्तामा उनले नैनशोभाले छाडेको सुपारीलाई हातमा लिँदै भनिन्– यसलाई के गरुँ ? पशुपतिमा चढाइदिउँ कि, बागमतीमा बगाइदिउँ ! वा पूजा गरेर राखुँ ! म असमञ्जसमा छु ।

# सशस्त्र प्रहरीद्वारा ८९१ केजी गाँजा बरामद



झापा(प्रस) । उदयपुरको बेलका नगरपालिका-६ असारे मूर्तिखोलाबाट सशस्त्र प्रहरीले ८९१ केजी गाँजा बरामद गरेको छ । ठूलो परिमाणमा प्रतिबन्धित लागूऔषध गाँजा लुकाएर राखेको सूचनाको आधारमा शनिबार बेलुका प्रहरीले गाँजा बरामद गरेको हो ।
मूर्तिखोला किनारमा बेवारिसे अवस्थामा रहेको गाँजा ओसारपसारमा संलग्न व्यक्तिको खोजी भइरहेको सशस्त्र प्रहरीका ईन्स्पेक्टर नरेश चौधरीले बताए । बेलका क्षेत्रबाट पटक-पटक कानुनी रुपमा अवैध मानिएको गाँजा तस्करीका घटना सार्वजनिक हुँदै आएको छ ।

# सशस्त्र प्रहरी प्रमुख भण्डारीलाई स्वागत



झापा(प्रस)। बिर्तामोड उद्योग वाणिज्य संघले सशस्त्र प्रहरी बल नम्वर २ गण चन्द्रगढीका प्रमुखलाई स्वागत गरेको छ ।
संघको कार्यालयमा आयोजित कार्यक्रमकाबीच सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारीलाई स्वागत गरिएको हो ।
सशस्त्र प्रहरी बल नम्वर २ गण चन्द्रगढीमा हालै सरुवा भएर आएका भण्डारीलाई संघका अध्यक्ष राजु न्यौपानेसहितको टोलीले स्वागत गरेको थियो । सो अवसरमा प्रहरी उपरीक्षक भण्डारीलाई समग्र झापाको व्यापार व्यवसायको अवस्थाका बारेमा समेत जानकारी गराइएको थियो ।
वीरता लेडी जेसीजकी अध्यक्ष संगीता गिरीले स्वागत गरेको कार्यक्रममा सशस्त्र प्रहरी बल नम्वर २ गण चन्द्रगढीका प्रहरी नायव उपरीक्षक सुमन पोखरेल,एसपीभण्डारीलगायतले व्यवसायीहरुसंगको सहकार्यमा झापामा हुने चोरी पैठारी नियन्त्रणमा भूमिका निर्वाह गर्ने बताएका थिए । सीमाको रक्षासंगै भन्सार छलेर चोरी पैठारी हुने कार्यलाई निरुत्साहित गर्न सशस्त्र प्रहरी तैनाथ रहने बताएका थिए ।
कार्यक्रमको संचालन बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

# तीनकुने घटनाको जिम्मेवारी ज्ञानेन्द्रले लिनुपर्छ–कांग्रेस

झापा(प्रस) । सत्तारुढ दल नेपाली कांग्रेसले तिनकुने क्षेत्रमा भएको आक्रमणको जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्र शाहले लिनुपर्ने निष्कर्ष निकालेको छ। शनिबार बसेको कांग्रेसको पदाधिकारी बैठकले पूर्वराजा ज्ञानेन्द्रकै निर्देशनमा तीनकुनेमा प्रदर्शन भएको र अराजकता फैलाइएको आरोप लगाएको छ। राजावादीहरूको पूर्वयोजनाअनुरुप निजी र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएको निष्कर्ष निकालिएको कांग्रेस प्रवक्ता प्रकाशशरण महतले बताए। उनका अनुसार बैठकमा गृहमन्त्री रमेश लेखकले शुक्रबार भएको घटनाका विषयमा ब्रिफिङ गरेका थिए। गृहमन्त्री लेखकले प्रहरीले राजावादीको सभास्थल ताकेर कुनै गोली वा टियर ग्यास प्रहार नगरेको बताएका थिए। 'राजावादीहरूले जुन हिसाबले लक्षित गरी आक्रमण गऱ्यो। निजी घर, व्यवसायिक घर, मिडिया हाउसमा तोडफोड गरियो। त्यसको कांग्रेसले भर्त्सना गरेको छ,' प्रवक्ता महतले भने, 'यो निरंकुश शासन लाद्ने मनसायका साथ यो घटना घटाइएको छ। सिधै यहाँ-यहाँ आक्रमण गर्ने योजना भएको छ। यसको सम्पूर्ण जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्र शाहले लिनुपर्छ।'

पूर्वराजाकै निर्देशनमा तिनकुनेमा अराजकता फेलाउनेहरू भेला भएको कांग्रसको आरोप छ। तोडफोड र आगजनीमा संलग्नलाई कानुनी कारबाही गर्न कांग्रेसले माग गरेको महतले बताए। उनले छिट्टै यस विषयमा सर्वदलीय बैठक आह्वान हुने बताए।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज दानपुण्यका कार्यमा सहभागी भइनेछ । सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ

**वृष** नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** व्यावसायिक नयाँ योजना बन्नेछन् ।दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।